गण्डकी प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

पत्र संख्याः ०८३/८४

चलानी नं. ६५४

पोखरा,

नेपाल।

गण्डकी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
पोखरा, नेपाल

मितिः- २०८३/०५/३०

**श्री मन्त्रालय/सचिवालय/आयोग/निकाय/कार्यालय (सबै)**

गण्डकी प्रदेश।

**श्री स्थानीय तह (सबै),**

गण्डकी प्रदेश।

विषयः-निर्णय कार्यान्वय सम्बन्धमा।

प्रस्तुत विषयमा मिति २०८३ भदौ २९ गते गण्डकी प्रदेश सरकारका माननीय मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेज्यूको अध्यक्षतामा "संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८३" मनाउने सम्बन्धमा बसेको तयारी बैठकबाट भएको मूल समारोह समिति गठन तथा अनुमोदित कार्यक्रम आवश्यक बोधार्थ तथा कार्यार्थ यसै पत्रसाथ संलग्न गरी पठाइएको बेहोरा निर्णयानुसार अनुरोध छ। साथै निर्णयमा उल्लेख भएबमोजिम आ-आफ्नो निकाय र मातहतका निकायसँग सम्बन्धित कार्यक्रमहरु सञ्चालन गर्नु गराउनुहुन अनुरोध छ।

२०८३/०५/३०

(अशोक कुमार नेपाली)

उपसचिव

आज मिति २०८३ साल भदौ २९ गते दिउँसो १:०० बजे मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, पोखरामा गण्डकी प्रदेश सरकारका माननीय मुख्यमन्त्री श्री सुरेन्द्रराज पाण्डेज्यूको अध्यक्षतामा "संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८३ मनाउने सम्बन्धमा तयारी बैठक बसी मूल समारोह समिति गठन तथा कार्यक्रम अनुमोदन गरियो।

<u>उपस्थिति:</u>

| क्र.सं. | नाम, थर | पद | संघ/संस्था | हस्ताक्षर |
|---|---|---|---|---|
| १. | माननीय सुरेन्द्रराज पाण्डे | मुख्यमन्त्री | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय/कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय/उद्योग तथा पर्यटन मन्त्रालय | |
| २. | माननीय खगराज अधिकारी | पूर्व मुख्यमन्त्री तथा विपक्षी दलका नेता | गण्डकी प्रदेश सभा | |
| ३. | माननीय नन्दप्रसाद न्यौपाने | मन्त्री | भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय/ स्वास्थ्य मन्त्रालय | |
| ४. | माननीय फणिन्द्र देवकोटा | मन्त्री | उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय | |
| ५. | माननीय जितबहादुर शेरचन | मन्त्री | आर्थिक मामिला मन्त्रालय | |
| ६. | माननीय रेखा गुरुङ | मन्त्री | सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय | |
| ७. | माननीय नम्डु गुरुङ | मन्त्री | वन तथा वातावरण मन्त्रालय | |
| ८. | माननीय प्रकाश बराल | प्रमुख सचेतक, नेपाली कांग्रेस | गण्डकी प्रदेश सभा | |
| ९. | माननीय देवका पहारी | प्रमुख सचेतक, नेकपा ऐमाले | गण्डकी प्रदेश सभा | |
| १०. | माननीय कुसुम बुढा | प्रमुख सचेतक, नेपाली कम्युनिष्ट पार्टि | गण्डकी प्रदेश सभा | |

| क्र.सं. | नाम, थर | पद | संघ/संस्था | हस्ताक्षर |
|---|---|---|---|---|
| ११. | माननीय विन्दु पौडेल | प्रमुख सचेतक, रा.प्र.पा | गण्डकी प्रदेश सभा | |
| १२. | श्री धनराज आचार्य | प्रमुख | पोखरा महानगरपालिका | |
| १३. | श्री भूपाल बराल | प्रमुख सचिब | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकी प्रदेश। | |
| १४. | श्री भोलानाथ थापा | पृतनापति, उपरथी | पश्चिम पृतना हेडक्वाटर विजयपुर ब्यारेक | |
| १५. | डा. ईन्द्रप्रसाद तिवारी | कुलपति | गण्डकी विश्वविद्यालय | |
| १६. | श्री गोविन्द पौडेल | प्रदेश सभा सचिव | गण्डकी प्रदेश सभा सचिवालय | |
| १७. | श्री विजय राना | प्रदेश सचिव | प्रदेश प्रमुखको कार्यालय | |
| १८. | प्रदेश सचिव | श्री छविलाल रिजाल | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकी प्रदेश। | |
| १९. | श्री तीर्थराज चिलुवाल | प्रदेश सचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकी प्रदेश। | |
| २०. | प्रदेश सचिव | डा. टोकराज पाण्डे | आर्थिक मामिला मन्त्रालय | |
| २१. | प्रदेश सचिव | श्री देवराज निरौला | उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय | |
| २२. | प्रदेश सचिव | डा. प्रेरणा सेढाई भट्टराई | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय | |

| क्र.सं. | नाम, थर | पद | संघ/संस्था | हस्ताक्षर |
|---|---|---|---|---|
| २३. | प्रदेश सचिव | श्री मोहनराज काफ्ले | वन तथा वातावरण मन्त्रालय | |
| २४. | प्रदेश सचिव | ई. नवराज शर्मा | भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय | |
| २५. | प्रदेश सचिव | श्री रमेश अर्याल | प्रदेश नीति तथा योजना आयोग, गण्डकी प्रदेश | |
| २६. | प्रदेश सचिव | डा. शेषनारायण पौडेल | सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय | |
| २७. | प्रदेश सचिव | डा. युवानिधी बसौला | स्वास्थ्य मन्त्रालय | |
| २८. | प्रदेश सचिव | श्री रोशन ज्ञावली | उद्योग तथा पर्यटन मन्त्रालय | |
| २९. | प्रदेश सचिव | श्री कृष्णप्रसाद लम्साल | प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश | |
| ३०. | प्र.जि.अ. | श्री कुमान सिंह गुरुङ | जिल्ला प्रशासन कार्यालय कास्की | |
| ३१. | श्री दिपेन्द्र घर्ती क्षेत्री | प्र.ना.म.नि. | गण्डकी प्रदेश प्रहरी कार्यालय, पोखरा | |
| ३२. | श्री प्रविन कंडेल | स.प्र.ना.म.नि. | स.प्र.बल नेपाल नं.४ मुक्तिनाथ वाहिनी पोखरा | |
| ३३. | श्री प्रजेश सिंह हमाल | अनुसन्धान निर्देशक | राष्ट्रिय अनुसन्धान गण्डकी प्रदेश | |
| ३४. | श्री बिमला भण्डारी | प्रेस रजिष्टार | प्रेस रजिष्ट्रार कार्यालय पोखरा | |

| क्र.सं. | नाम, थर | पद | संघ/संस्था | हस्ताक्षर |
| --- | --- | --- | --- | --- |
| ३५. | श्री | प्रमुख | पोखरा उद्योग वाणिज्य संघ | |
| ३६. | श्री | प्रमुख | नेपाल च्याम्बर अफ कमर्स | |
| ३७. | श्री | प्रमुख | नेपाल उद्योग परिसंघ | |
| ३८. | श्री | प्रमुख | पोखरा पर्यटन परिषद् | |
| ३९. | श्री महेन्द्र ब. बानियाँ | ~~ओठे~~ महाशाखा प्रमुख | भौतिक पू. निर्माण यातायात व्यवस्था मन्त्रालय | [signature] |
| ४०. | श्री लक्ष्मी भद्र काफ्ले | महाशाखा प्रमुख | ऊर्जा जलस्रोत तथा सिंचाई मन्त्रालय | [signature] |
| ४१. | श्री कृष्णदेव दुवेदी | नि.प्र.अ. | वन तथा वातावरण मं. | [signature] |
| ४२. | श्री प्रकाश घिमिरे | उ. सचिव | प्रदेश [illegible] का. पोखरा | [signature] |
| ४३. | श्री घनश्याम पौडेल | उपसचिव | सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालय | [signature] |
| ४४. | श्री भरत मणि चौपाने | उप [illegible] | रा.अ.ना.प्र. कार्यालय | [signature] |
| ४५. | श्री हिमा पोखरेल | उपसचिव | मु.म. तथा म.प. कार्यालय | [signature] |
| ४६. | श्री अशोक कुमार नेपाली | " " | " " " " | [signature] |
| ४७. | श्री विनोद बडुवाल | प्रशासकीय अधिकृत | OCMCM | [signature] |
| ४८. | श्री विक्रम अधिकारी | स्वकीय सचिव | मा. मुख्यमन्त्री ज्यू | [signature] |
| ४९. | श्री युवराज लामा | सेनानी | श्री पश्चिम पृतना हे. क्वा. | [signature] |
| ५०. | श्री | | | |
| ५१. | श्री | | | |
| ५२. | श्री | | | |
| ५३. | श्री | | | |
| ५४. | श्री | | | |
| ५५. | श्री | | | |

आज मिति २०८३ भदौ २९ गते गण्डकी प्रदेश सरकारका माननीय मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेज्यूको अध्यक्षतामा "संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८३" मनाउने सम्बन्धमा तयारी बैठक बसी देहाय बमोजिमका निर्णय गरियो।

निर्णय नं. १.

संविधान दिवस २०८३ मनाउन गण्डकी प्रदेशका माननीय मुख्यमन्त्रीज्यूको अध्यक्षतामा देहाय बमोजिम सदस्यहरु रहने मूल समारोह समिति गठन गर्नेः-

- गण्डकी प्रदेश सभाका माननीय सभामुख - सदस्य
- गण्डकी प्रदेशका पूर्वमुख्यमन्त्री - सदस्य
- माननीय मुख्य न्यायाधीश, उच्च अदालत पोखरा - सदस्य
- गण्डकी प्रदेश सरकारका सबै माननीय मन्त्री - सदस्य
- गण्डकी प्रदेश सभाका माननीय विपक्षी दलका नेता - सदस्य
- गण्डकी प्रदेश सभाका माननीय उप-सभामुख - सदस्य
- गण्डकी प्रदेश सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलका प्रमुख सचेतक - सदस्य
- गण्डकी प्रदेश सभाका विषयगत समितिका सभापति - सदस्य
- गण्डकी प्रदेश सभाका सबै माननीय सदस्यहरु - सदस्य
- गण्डकी प्रदेश स्थित राजनीतिक दलका प्रमुखहरु - सदस्य
- कास्की जिल्ला स्थित राजनीतिक दलका प्रमुखहरु - सदस्य
- पोखरा महानगरपालिकाका प्रमुख - सदस्य
- जिल्ला समन्वय समिति, कास्कीका प्रमुख – सदस्य
- गण्डकी प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष/सदस्य - सदस्य
- गण्डकी प्रदेश सरकारका प्रमुख सचिव - सदस्य
- गण्डकी विश्वविद्यालय, पोखराका कूलपति - सदस्य
- पोखरा विश्वविद्यालयका उपकूलपति - सदस्य
- पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकूलपति - सदस्य
- मुख्य न्यायधिवक्ता - सदस्य
- पृतनापति, पश्चिम पृतना हेडक्वार्टर, विजयपुर ब्यारेक, पोखरा - सदस्य
- गण्डकी प्रदेश लोक सेवा आयोगका अध्यक्ष/सदस्यहरु - सदस्य
- कास्की जिल्लास्थित गाउँपालिकाका अध्यक्ष/उपाध्यक्ष - सदस्य
- गण्डकी प्रदेश सभा सचिवालयका सचिव - सदस्य
- प्रदेश प्रमुख कार्यालयका सचिव - सदस्य
- गण्डकी प्रदेश सरकारका सबै सचिवहरु - सदस्य
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग, पोखराका कार्यालय प्रमुख - सदस्य
- लोक सेवा आयोग, पोखराका कार्यालय प्रमुख - सदस्य
- कास्की जिल्लाका प्रमुख जिल्ला अधिकारी - सदस्य
- पोखरा महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत - सदस्य
- गण्डकी प्रदेश प्रहरी कार्यालयका प्रहरी नायव महानिरिक्षक - सदस्य

मुख्यमन्त्री

- स.प्र. बल नेपाल, नं. ४ मुक्तिनाथ बाहिनीका स.प्र. नायव महानिरीक्षक - सदस्य
- राष्ट्रिय अनुसन्धान गण्डकी प्रदेश कार्यालयका अनुसन्धान निर्देशक - सदस्य
- गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानका कार्यकारी निर्देशक - सदस्य
- गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठानका कार्यकारी निर्देशक - सदस्य
- गण्डकी प्रदेशका प्रेस रजिस्ट्रार - सदस्य
- गण्डकी प्रदेश खेलकूद परिषदका उपाध्यक्ष/सदस्य सचिव - सदस्य
- पोखरा स्थित संघ र प्रदेश सरकारका कार्यालयका प्रमुखहरु - सदस्य
- रा.स.स, नेपाल टेलिभिजन, गोरखापत्र, गण्डकी प्रदेश प्रमुख -सदस्य
- पत्रकार महासंघ गण्डकी प्रदेश प्रमुख -सदस्य
- नेपाल उद्योग बाणिज्य महासंघ, अध्यक्ष - सदस्य
- नेपाल च्याम्बर अफ कमर्स, अध्यक्ष - सदस्य
- पोखरा पर्यटन परिषद, अध्यक्ष - सदस्य
- नेपाल उद्योग परिसंघ, अध्यक्ष - सदस्य
- गैर सरकारी संस्था महासंघ, अध्यक्ष - सदस्य
- नेपाल पर्यटन व्यवसायी संघ, अध्यक्ष - सदस्य
- नागरिक समाजका गण्डकी प्रदेश र कास्कीका प्रमुखहरु - सदस्य
- सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय (आन्तरिक मामिला तर्फ) - सदस्य सचिव

गण्डकी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
पोखरा, नेपाल

<u>निर्णय नं. २.</u>

संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८३ मनाउन देहाय बमोजिम गर्ने।

क. प्रदेश राजधानी पोखरामा रहेका संघ र प्रदेशका कार्यालय तथा कास्की जिल्लाका सबै स्थानीय तहको समन्वयमा संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८३ को मूल समारोह कार्यक्रम संयुक्त रुपमा आयोजना गरी मनाउने।

ख. गण्डकी प्रदेशभरका संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी तथा सार्वजनिक निकाय/कार्यालयहरु, मठ मन्दिर लगायतका महत्वपूर्ण सार्वजनिक स्थलहरु, कार्यालय परिसरमा स्वस्फूर्त रुपमा सरसफाई कार्यक्रम सञ्चालन गर्ने, राष्ट्रिय झण्डा फहराउने मिति २०८३/०६/०२ देखि ४ गते तीन दिनसम्म साँझ दिपावली गर्ने।

<u>निर्णय नं. ३.</u>

संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८३ भव्यताका साथ मनाउन मिति २०८३/०६/०३ गते बिहान ८:३० बजे शहीदचोकस्थित शहीदपार्कमा भेला भई शहीदलाई सम्मान तथा माल्यार्पण गर्ने। सो पश्चात बिहान ९:०० बजे मूल समारोह कार्यक्रममा सहभागी हुने।

<u>निर्णय नं. ४.</u>

संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८३ को मूल समारोह कार्यक्रम देहाय बमोजिम गर्नेः

मुख्यमन्त्री

मुख्यमन्त्री

क. मिति २०८३/०६/०३ गते माननीय मुख्यमन्त्रीज्यूको अध्यक्षतामा हुने संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८३ को मूल समारोह कार्यक्रममा माननीय प्रदेश प्रमुखज्यूलाई प्रमुख अतिथिको रुपमा आमन्त्रण गर्ने।

ख. मूल समारोहमा प्रमुख अतिथि माननीय प्रदेश प्रमुखज्यू, माननीय मुख्यमन्त्रीज्यू, माननीय सभामुखज्यू, पूर्वमुख्यमन्त्री तथा माननीय विपक्षी दलका नेताज्यू र पोखरा महानगरपालिकाका प्रमुखज्यू प्रमुख वक्ताको रुपमा रहने।

ग. मूल समारोह कार्यक्रमको लागि पत्राचार, संयोजन तथा समग्र व्यवस्थापन मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट गर्ने।

<u>निर्णय नं. ५.</u>

संविधान दिवस २०८३ मूल समारोहका कार्यक्रमहरुको व्यापक रुपमा प्रचार प्रसार र संविधानबारे विभिन्न सञ्चार माध्यमबाट बहस कार्यक्रमको सञ्चालन प्रेस रजिष्ट्रारको कार्यालय मार्फत पत्रकार महासंघ गण्डकी प्रदेश कार्यसमिति र जिल्ला कार्यसमितिले गर्ने।

<u>निर्णय नं. ६.</u>

संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८३ मनाउन सबै स्थानीय तहहरु र जिल्ला कार्यालयहरुलाई अनुरोध गर्ने।

गण्डकी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय
पोखरा, नेपाल

2083/05/23
मुख्यमन्त्री